# नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## सिंहदरबार, काठमाडौं

## काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनौटका लागि निवेदन आव्हान सम्बन्धी सूचना

*(प्रकाशन मिति : २०८१/०५/१८)*

तपसिल बमोजिमका मुलुकहरुमा निकट भविष्यमा रिक्त हुने काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनौट तथा नियुक्ति गर्नुपर्ने भएकोले "काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनौट तथा नियुक्ति सम्बन्धी कार्यविधि तथा मापदण्ड-२०७३" अनुसार तोकिए बमोजिमको योग्यता पुगेका इच्छुक कर्मचारीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो व्यक्तिगत विवरण उल्लेख गरी अनुसूची-२ बमोजिम निवेदन दिनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, निवेदन फाराम यस मन्त्रालयको वेवसाइट : **www.moless.gov.np** मा उपलब्ध रहेको व्यहोरा जानकारी गराइन्छ ।

| क्र.सं. | काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनौट गरिने कूटनीतिक नियोग | पद | सेवा/समुह/श्रेणी | संख्या |
|---|---|---|---|---|
| १ | नेपाली राजदुतावास, सियोल, दक्षिण कोरिया | काउन्सेलर (श्रम) | ने.प्र./सा.प्र./रा.प.द्वितीय | १ (एक) |
| २ | नेपाली राजदुतावास, दोहा, कतार | | | १ (एक) |
| ३ | नेपाली राजदुतावास, क्वालालम्पुर, मलेसिया | | | १ (एक) |
| ४ | नेपाली राजदुतावास, अबुधावी, संयुक्त अरव इमिरेट्स | श्रम सहचारी | ने.प्र./सा.प्र./रा.प.तृतीय | १ (एक) |
| ५ | नेपाली महावाणिज्यदूतावास, जेद्दा, साउदी अरेबिया | | | १ (एक) |
| ६ | नेपाली राजदुतावास, क्वालालम्पुर, मलेसिया | | | १ (एक) |
| ७ | नेपाली राजदुतावास, मस्कट, ओमान | | | १ (एक) |